## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

गोदावरी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ६ (गोदावरी) संख्या : ६१ मिति : २०७९/०४/०५

**भाग-१**

**गोदावरी नगरपालिका**

**कार्यपालिका बैठकबाट पारित मिति :२०७९/०४/०३**
**प्रमाणीकरण मिति :२०७९/०४/०४**

# अस्पताल ब्यवस्थापन समिति गठन निर्देशिका २०७९

**प्रस्तावनाः** स्थानिय तह स्तरको स्वास्थ्य सेवामा प्रबर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थानात्मक स्वास्थ्य सेवाको ब्यवस्थापन गर्न गोदावरी नगरपालिका मातहत सञ्चालित अस्पतालहरुको कामकारबाही गुणस्तरिय, चुस्त, दुरुस्त बनाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्न वान्छनिय भएकाले, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा झ (३) व्यवस्था बमोजिम प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यस निर्देशिकाको नाम "अस्पताल ब्यवस्थापन समिति गठन निर्देशिका, २०७९" रहेको छ ।

२) यो निर्देशिका गोदावरी नगरपालिका, कैलालीमा लागु हुनेछ ।

३) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

१) "अस्पताल" भन्नाले नेपाल सरकारबाट गोदावरी नगरपालिका मातहत रहने भनि तोकि आएका र गोदावरी नगरपालिकामा पछि थप हुन आउने अस्पताल समेतलाई सम्झनु पर्छ ।

२) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

३) "नगरपालिका" भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्छ ।

४) "प्रमुख" भन्नाले गोदावरी नगरपालिकाका प्रमुख सम्झनु पर्छ ।

५) "कोष" भन्नाले दफा ७ बमोजिमका कोष सम्झनु पर्छ ।

६) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस निर्देशिका अन्तर्गत हुने कार्यकारी आदेश वा निर्णयमा तोकिएको/तोकिए बमोजिम सम्झनु पर्छ ।

**३. समितिको गठनः**

१.) नगरपालिका मातहतका प्रत्येक अस्पतालहरुको ब्यवस्थापन र सञ्चालन गर्ने कामका लागि देहाय बमोजिम छुट्टा छुट्टै अस्पताल ब्यवस्थापन समिति गठन गरिनेछ ।

क) नगर प्रमुख - संरक्षक

ख) स्वास्थ्य वा सामाजिक क्षेत्रमा उल्लेखनिय योगदान पुर्याएका प्रतिष्ठित ब्यक्तिहरु मध्ये बाट नगर प्रमुख बाट मनोनयन गरिएका ब्यक्ति - अध्यक्ष

ग) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना - सदस्य

घ) नगर स्तरीय वा सेवा पहुँच क्षेत्रको उद्योग बाणिज्य संघका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना - सदस्य

ङ) सम्बन्धित वडा वा सेवा पहुँच क्षेत्रको सामाजिक क्षेत्रमा क्रियाशिल संघ सस्था हरु मध्ये बाट नगर प्रमुखले मनोनित गरेको १ जना - सदस्य

च) सम्बन्धित वडा वा सेवा पहुँच क्षेत्रको प्रतिष्ठित समाजसेविहरु मध्ये बाट समितिले मनोनित गरेको १ जना महिला - सदस्य

छ) नगर स्वास्थ्य शाखा प्रमुख - सदस्य

ज) अस्पतालको प्रमुख - सदस्य सचिव

२. देहायको योग्यता भएको ब्यक्ति समितिको पदाधिकारीको पदमा नियुक्तिका लागि योग्य हुनेछ ।

क) नेपाली नागरिक,

ख) अध्यक्षको हकमा ३० बर्ष पुरा भएको,

ग) अध्यक्षको हकमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको,

३. देहायको ब्यक्ति समितिको पदाधिकारीको पदमा नियुक्तिका लागि अयोग्य हुनेछ ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय पाएको ,

ख) सार्वजनिक लाभको पदमा बहाल भएको,

स्पष्टिकरणः यस प्रयोपजनको लागि सार्वजनिक लाभको पद भन्नाले नियमित रुपमा हाजिर भई वा नभई पारिश्रमिक वा सुविधा पाउने सरकारी पदलाई सम्झनु पर्दछ ।

ग) नेपाल सरकार, प्रदेश सरकार, यस नगर वा अन्तर्गतको कुनै संगठित संस्था वा अन्य सरकारी रकम बुझाउन बाँकी रहेको,

घ) कालो सुचिमा परेको,

ङ) बिदेशि राष्ट्रको नागरिकता वा स्थायी आवासिय लिएको ।

४. समितिका पदाधिकारीको पदावदी ५ बर्षको हुनेछ ।

५. उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष सहित अन्य मानोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पुरा नगरेमा वा अस्पतालको हित बिपरित कुनै कार्य गरेको प्रमाणित भएमा नगरपालिकाले निर्णय गरि निजलाई जुनसुकै बखत जिम्मेवारी मुक्त गर्न सक्नेछ ।

तर त्यसरी जिम्मेवारी मुक्त गर्नु अघि निजलाई सफाईको मौका दिईनेछ ।

**४. समितिको काम, कर्तव्य र अधिकारः**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) अस्पताल सञ्चालनका लागि आवश्यक स्रोत-साधन ब्यवस्थापन गरी अस्पताल बाट प्रदान गरिने सेवाहरुलाई गुणस्तरिय र प्रभावकारी बनाउने,

२) अस्पतालबाट प्रदान गरिने सेवा सुबिधाहरुलाई सहज, ब्यवस्थित र सर्वसुलभ बनाउने तथा अस्पतालको कारोवारलाई पारदर्शि बनाउने,

३) अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति ब्यवस्थापन तथा प्रभावकारी परिचालन गर्ने,

४) अस्पतालको प्रभावकारी रुपमा सञ्चालन र ब्यवस्थापन गर्ने,

५) अस्पतालको अल्पकालिन र दिर्घकालिन योजना तर्जुमा गर्ने गराउने,

६) अस्पतालको दिर्घकालिन योजना तथा बार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्विकृतीका लागी नगरपालिकामा पेश गर्ने,

७) अस्पतालको सेवा शुल्क स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने,

८) अस्पतालको चल-अचल सम्पत्तिको संरक्षण, संबर्धन, मर्मत-संभार तथा बिकाश गर्ने,

९) अस्पतालबाट प्रदान गरिएका सेवा सुबिधाहरुको नियमित अनुगमन, मुल्याङ्कन र पृष्ठपोषण गर्ने,

१०) अस्पताल मार्फत तोकिएको ढाचाँमा माशिक रुपमा प्रतिबेदन तयार गरी नगरपालिकामा र आबश्यकता अनुसार अन्य निकायहरुमा पेश गर्ने/गराउने,

११) लक्षित बर्गलाई प्रचलित कानुन,कार्यबिधि तथा मापदण्ड बमोजिमको निःशुल्क उपचारको प्रभावकारी ब्यवस्था मिलाउने,

१२) अस्पताल र अस्पताल परिसरको सरसफाई गर्ने गराउने र फोहोर ब्यवस्थापनको उचित पर्बन्ध गर्ने,

१३) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**५. समितिको बैठक सम्बन्धि ब्यवस्थाः**

१) समितिको बैठक मासिक रुपमा बस्नेछ । तर अध्यक्षले आबश्यक ठानेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ ।

२) समितिको एक तिहाई सदस्यहरुले बैठकको लागि लिखित माग गरेमा सदस्य सचिवले अध्यक्षलाई जानकारी गराई बैठक बोलाउनु पर्नेछ ।

३) समितिको बैठक बस्नुभन्दा सामान्यतया ४८ घण्टा अगावै सदस्य-सचिवले बैठकका एजेण्डा सहितको सुचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

४) समितिको कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिने छ ।

५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुस्पथितिमा अध्यक्षले तोकेको सदस्यले गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ तर मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने ब्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरि राखनु पर्नेछ ।

८) समितिले आबश्यक देखेमा नगरका कुनै पदाधिकारी, अधिकृत वा सम्बन्धित क्षेत्रको कुनै बिशेषज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

९) समितिका पदाधिकारिले नियमानुसार बैठक भत्ता पाउनेछन ।

१०) समितिको बैठक सम्बन्धि अन्य ब्यवस्था समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**६. जनशक्ति सम्बन्धि ब्यवस्थाः**

१) समितिले अस्पतालमा थप सेवा बिस्तार तथा गुणस्तर अभिबृध्दि गर्नको लागि संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरि कार्यपालिकाले स्विकृत गरे पश्चात अस्पतालको लागि आबश्यक प्राबिधिक तथा प्रशासनिक पद सृजना गरि आफ्नै स्रोत बाट तोकिएको सुबिधा दिने गरी प्रचलित ऐन, कानुन बमोजिम आबश्यक जनशक्ति करारमा लिन सक्नेछ । तर संगठन तथा ब्यवस्थापन सर्बेक्षण बाट स्विकृत दरबन्दी भन्दा बढी जनशक्ति भर्ना गर्न पाईने छैन ।

२) उपदफा (१) बमोजिम करार नियुक्ति हुने हरुको पारिश्रमिक, सेवाको शर्त र सुबिधा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

**७. समितिको कोषः**

१) तोकिए बमेजिम समितिको आफ्नो छुट्टै कोष रहनेछ ।

२) समितिको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछनः

क) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट अस्पताल सञ्चालनको लागि अस्पताल ब्यवस्थापनको नाममा प्राप्त हुने अनुदानको रकम,

ख) अस्पतालले सेवा प्रदान गरे बाफत प्राप्त हुने अनुदानको रकम,

ग) अन्य दातृ निकाय वा दाता बाट प्राप्त हुने रकम,

घ) अन्य स्रोत बाट प्राप्त हुने रकम ।

३) समितिको कामकारबाहीमा हुने खर्च उपदफा (१) बमोजिमको कोषबाट ब्यहोरिनेछ । यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

४) तर विदेशि सरकार, संघ वा ब्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम अनुमति लिनु पर्नेछ ।

५) समितिको खाता सम्बन्धी व्यवस्था सरकारी कारोबार निर्देशिका २०७६ बमोजिम सञ्चालन हुनेछ ।

६) अस्पताल व्यवस्थापन समितिको खाता अस्पतालको समितिका अध्यक्ष, मेडिकल सुपरिटेण्डेन्ट वा अस्पतालको प्रमुख र अस्पतालको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

७) कोषको रकम समितिको बैठकको निर्णय अनुसार खर्च गरिनेछ । तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षको स्विकृतिमा खर्च लेखि समितिको बैठकबाट अनुमोदन गरिनेछ ।

८) समितिको कोषमा जम्मा हुन आउने रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोहि प्रयोजनका लागि मात्र खर्च गर्नुपर्नेछ । प्रयोजन नखुलेको कोषको रकम स्विकृत कार्यक्रम अनुसार हुनेछ ।

**८. सम्पत्ति र कोषको हस्तान्तरणः**

साबिक आदेश वा कार्याबिधि बमोजिम अस्पताल बिकास र ब्यवस्थापन समितिको नाममा रहेको सबै चल-अचल सम्पत्ति यसै निर्देशिका बमोजिम गठन हुने अस्पताल ब्यवस्थापन समितिको नाममा स्वतः हस्तान्तरण हुनेछ ।

**९. लेखा र लेखा परिक्षणः**

१) समितिको आयव्ययको लेखा महालेखा परिक्षकको कार्यालयले तोकेको ढाचाँ बमोजिम राख्नु पर्नेछ ।

२) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको लेखा परिक्षण शाखाबाट गराउनु पर्नेछ ।

३) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

४) नगरपालिकाले जुनसुकै बखत समितिको हिसावकिताव जाच्न वा जचाउन सक्नेछ ।

**१०. अधिकार प्रत्यायोजनः**

समितिले आफुलाई प्राप्त अधिकारहरु मध्ये दफा (४) को उपदफा (५) बमोजिमको अस्पतालको बजेट तथा कार्यक्रम स्विकृत गर्ने तथा उपदफा (६) बमोजिमको अस्पतालको सेवा शुल्क प्रस्ताव गरि स्विकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने बाहेक अन्य अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य र सदस्य-सचिवले प्रयोग गर्ने गरि प्रत्यायोजन गर्न सक्नेछ ।

**११. निर्देशन दिनेः**

नगरपालिकाले समितिको कामकारबाहिका सम्बन्धमा समितिलाई आबश्यक निर्देशन दिन सक्नेछ र त्यसरि दिईएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१२. अन्य निकाय संगको सम्पर्कः**

समितिले नेपाल सरकार, प्रदेश सरकार वा अन्य कुनै संघ संस्था वा निकाय संग सम्पर्क राख्दा नगरपालिका मार्फत राख्नु पर्नेछ ।

**आज्ञाले,**

**बसन्त कुमार खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**
**मिति :** २०७९/०४/०५ गते

गोदावरी नगरपालिका

गोदावरी नगरपालिका